म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०४ आइतबार २० फागुन २०८० ने. सं. ११४४ सिल्लागा 3 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थानीय स्काउट मनहरीको आयुक्तमा अनन्त पौडेल

हेटौंडा, १९ फागुन/नेपाल स्काउटअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिकाको स्थानीय आयुक्तमा स्काउटर अनन्त पौडेल नियुक्त भएका छन् । नेपाल स्काउट नियमावली अनुसार मनहरी गाउँपालिका अध्यक्ष एवम् स्थानीय स्काउट संरक्षक रञ्जन कालाखेतीले पौडेललाई स्काउटको स्थानीय आयुक्त नियुक्त गरेका हुन् । मनहरी गाउँपालिका कार्यालयमा भएको एक कार्यक्रमबीच गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले उक्त हस्तान्तरण गरेका थिए । सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलगायतको उपस्थिति रहेको थियो । यसअघि २२ माघमा मनहरीमा स्थानीय स्काउट सदस्यको निर्वाचन भएको थियो । परिषद् सदस्य निर्वाचित हुनेहरुमा स्काउटर अनन्त पौडेल, सुजन अर्याल, जगदिश्वर पोखरेल, रोशनी दर्जी र संजिता मगर रहेका छन् । यसरी निर्वाचित सदस्यमध्येबाट एकजनालाई पालिकाप्रमुखले स्थानीय आयुक्त नियुक्त गर्ने कानूनी व्यवस्था छ ।

### मउवा संघको बंगलादेश भ्रमणः

# व्यापार सम्बन्ध विस्तारबारे दुईपक्षीय छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुर उद्योग वाणिज्य संघको टोली संस्थागत तथा व्यावसायिक सम्बन्ध विस्तारको उद्देश्यसहित फागुन १५ गतेदेखि २० गतेसम्म बंगलादेशको भ्रमणमा छ । नेपाली प्रतिनिधिमण्डलले बंगलादेशसँग व्यापार र व्यावसायिक साझेदारीका सम्बन्धमा छलफल गरिरहेका छन् ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा गएको २२ सदस्यीय टोलीले भ्रमण अन्तर्गतको औपचारिक कार्यक्रम सम्पन्न गरिसकेको छ । मउवासंघका पूर्वअध्यक्ष तथा बंगलादेश नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष अरुणराज सुमार्गीले औपचारिक भ्रमण कार्यक्रम संयोजन गरेका थिए । भ्रमणको क्रममा बंगलादेश उद्योग वाणिज्य महासंघ, बंगलादेश नेपाल उद्योग वाणिज्य संघ, बंगलादेश महिला उद्योग वाणिज्य संघ र कक्स बजार उद्योग वाणिज्य संघका पदाधिकारीसँग छुट्टाछुट्टै छलफल भएको हो ।

मउवासंघबाट सहभागिता जनाएका प्रतिनिधिले बंगलादेश उद्योग वाणिज्य महासंघका प्रतिनिधिसँग सहकार्यका सम्भावनाबारे बृहत छलफल भएको मउवासंघका अध्यक्ष गुप्ताले बताए । बंगलादेश र नेपालबीच सहकार्य र सम्भावना बोकेका व्यवसायको व्यापार सम्बन्ध विस्तार गर्नुपर्ने बिषयमा छलफल गरिएको हो । बंगलादेशमा रहेका विभिन्न उद्योग वाणिज्य संघसँग अनुभव आदानप्रदान गर्दै व्यापार विस्तार गर्न सहज वातावरण बनाउनु पर्ने विषयमा छलफल गरिएको थियो ।




यसहघि नेपालका डेरी उद्यमीहरुले दुग्धजन्य उत्पादन बंगलादेश निर्यात गर्ने सम्भावनाको खोजी गर्दै बंगलादेश पुगेका थिए । तर, नेपालबाट निर्यात हुनसक्ने दररेट भन्दा धेरै कम मूल्यमा युरोपियन मुलुकबाट बंगलादेशले दुग्धजन्य पदार्थ आयात गरिरहेको जानकारी पाएपछि नेपालका डेरी ब्यवसायी रित्तो हात फर्किएको थियो । तर, मकवानपुरको भ्रमण टोलीले भने पहिलो चरणमा अवसर र सम्भावनाको खोजीको प्रयास मात्र गरेको हो ।

नेपाली टोली, ढाकास्थित बंगलादेश महिला उद्योग वाणिज्य संघमा पुगेर अवलोकन तथा छलफल गरेको छ । बंगलादेशकी पूर्वसांसद समेत रहेकी सेलिमा अहमद अध्यक्ष रहेको महिला उद्यमीको संस्थाले बंगलादेशभित्र ५० हजार बढी महिलालाई आवद्ध गराइ उद्यमी बनाइ सामाजिक रुपान्तरणको अनुकरणीय नमूना काम गरिरहेको संस्थाका उपाध्यक्ष संगीता अहमदलले बताइन् । नेपाल र बंगलादेशबीच हस्तकला, कृषिउपज, कपडा, प्रविधि हस्तान्तरण आदि क्षेत्रमा सहकार्य भइरहेको तर, उच्चभन्सारदर एवम् भारतीय नाका प्रयोगले प्रतिफल हासिल नभएको चर्चा गरिएको थियो ।

बंगलादेश उद्योग वाणिज्य महासंघका अध्यक्ष महतुबुल आलमले नेपालको विद्युत बंगलादेशमा निर्यात गर्ने प्रचेर सम्भावना भएपनि भूराजनीति बाधक रहेको र महासंघले निजीक्षेत्रको सहकार्यमा नेपालस्थित विभिन्न जलविद्युत परियोजनामा सम्भावित लगानीका बारेमा छलफल भइरहेको बताएका थिए । दुई देशको सम्बन्ध प्रगाढ बनाउन यस्ताखाले भ्रमण, भेटघाट र छलफल नियमित भइर हनुपर्ने उनले बताए ।

छलफलको क्रममा बंगलादेश उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष मोहम्मद अमिन हिलेलीले हिमालयन वाटर, अदुवा, गोलभेडा तथा दुधजन्य उत्पादन नेपालबाट निर्यातको सम्भावना रहेतापनि बंगलादेशको उच्चभन्सार दरको कारण यसले गति लिन नसकेको बताए । महासंघले दुबै देशको निजी क्षेत्रको विकासको लागि भन्सार दर परिवर्तन गर्न पहल भइरहेको समेत बताए । दुबै देशको भन्सार दर र परिवहनको समस्या समाधानमा आवश्यक पहल गर्ने सहमति भएको बताइएको छ ।

नेपाली टोलीले बंगलादेशको प्रमुख पर्यटकीय क्षेत्र कक्स बजार उद्योग वाणिज्य संघसँग पनि छलफल गरेको छ । करिब १५० किलोमिटर लामो तटीय पर्यटकीय क्षेत्रको रुपमा कक्स बजार रहेको छ । मउवासंघ र कक्स बजार उवासंघबीच फागुन महिनाको अन्त्यतिर भावी सहकार्यको लागि सम्झौतापत्रमा हस्ताक्षर गर्ने प्रारम्भिक छलफल गरिएको मउवासंघका अध्यक्ष गुप्ताले जानकारी दिए । टोलीले बंगलादेशको गौरवको आयोजनाको रुपमा रहेको र सञ्चालनमा समेत आइसकेको ६.१५ किलोमिटर लामो पुलको अवलोकन गरेका थिए ।

भ्रमण टोलीमा संघका अध्यक्ष गुप्ता, पूर्वअध्यक्ष सुमार्गी, सल्लाहकार सरोजकुमार खनाल, अशोक शाक्य, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट, महासचिव दीपक उप्रेती, सचिव राजाराम कार्की सहभागी छन् । त्यस्तै, सदस्यहरु दिवस पराजुली, कुलप्रसाद चौलागाई, तेजराज अधिकारी, नेत्रप्रसाद खतिवडा, प्रदीप अर्याल, सीतादेवी भेटुवाल, जगदीश दाहाल, कृष्णराज कोइराला सहभागी छन् ।

मउवासंघको बस्तुगत संघहरु पेट्रोलियम बिक्रेता संघका अध्यक्ष उत्सव इटेनी, क्यान मकवानपुरका अध्यक्ष शिवकुमार श्रेष्ठ, भाँडा व्यवसायी संघका अध्यक्ष रामकृष्ण चौलागाई, नारायणी यातायात व्यवसायी संघका विष्णु विडारी, महिला उद्यमी विकास समितिका कोषाध्यक्ष सुनिता श्रेष्ठहाडा र संघका कार्यकारी निर्देशक सुजन सुवेदी रहेका छन् ।

# ११ नम्बर वडामा तिल्केश्वर खेल मैदानको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ खेलाडी उत्पादन र पूर्वाधार निर्माणमा चासो देखाएका नगरप्रमुख मीनाकुमारी लामाले हेटौंडा-११, स्थित तिल्केश्वर खेलमैदानको शिलान्यास गरेकी छन् ।



चालु आर्थिक वर्ष २०८०/८१ मा उपमहानगरले बिनियोजन गरेको बजेटमार्फत् निर्माण हुने खेलमैदानको शनिवार नगरप्रमुख लामाले शिलान्यास गरेकी हुन् । उपमहानगरले चालु आर्थिक वर्षमा छुट्याएको १५ लाख रुपैयाँ सहित उपभोक्ता तथा अन्य गरी १६ लाख ६७ हजार ८ सय ४९ रुपैयाँको लागतमा आउँदो बैशाखसम्ममा निर्माण गर्ने लक्ष्य रहेको छ ।

नगरप्रमुख लामाले शिलान्यास गरेसँगै खेलमैदान निर्माणको काम अघि बढ्ने निर्माण समितिका अध्यक्ष बिज्ञानकुमार नेपालले जानकारी दिए । उनका अनुसार खेलमैदानको पश्चिम भागमा रहेका खाडललाई ग्याभिङ वाल लगाएर पुर्ने कामसँगै अहिलेका लागि भलिवल, टेबलटेनीस र फुटसल खेलका लागि मैदानलाई व्यवस्थापन गरिने छ । चालु वर्ष छुट्याएको बजेटमार्फत पहिलो चरणको काम गरेसँगै आगामी वर्षका लागि पनि बजेट माग गर्न आवश्यक रहेको नगरप्रमुख लामाले बताइन् ।

खेलमैदानको शिलान्यस गर्दै नगरप्रमुख लामाले उपमहानगरले खेल र खेलाडीका लागि आवश्यक बजेट छुट्याएर काम गरिरहेको बताइन् । उनले उपमहानगरले नगरका बिभिन्न वडामा रहेका मैदानलाई व्यवस्थित गर्नका लागि बजेट बिनियोजन गर्दै कामलाई अघि बढाएको बताइन् । खेलमैदानलाई व्यवस्थित गर्दै खेलाडी उत्पादन गर्ने कामम उपमहानगर रहेको उनले बताइन् ।

शिलान्यास कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहालले अहिले प्रारम्भ भएको मैदानको कामलाई अघि बढाउन आवश्यक सहयोग गर्ने बताइन् । अहिले नगरबाट आएको बजेटबाट काम थालिएका भएपनि आगामी दिनमा वडाको पनि समन्वय र सहकार्य रहने उनले बताइन् । यसरी खेलमैदान निर्माण गर्नसके वडाबाट खेलाडी उत्पादनमा सहयोग पुग्ने उनको भनाई थियो ।

खेलमैदान निर्माण समितिका अध्यक्ष नेपालको अध्यक्षतमा भएको कार्यक्रममा हेटौंडा-११ का वडासदस्यद्धय संजय विडारी, विकास नेपाल, डाङडुङ्गे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सालिकराम पुडासैनी, टोल विकास संस्था नगर समन्वय समितिका उपमहानसचिव देबकुमार श्रेष्ठ, टोल विकास संस्था वडासमन्वय समितिका संयोजक यज्ञबहादुर आचार्य, भैरबकुञ्ज टोल विकास सस्थाका अध्यक्ष मेघनाथ रेग्मी लगायतको आतिथ्यता थियो ।

# मकवानपुरका आठ पालिकाले गरे सूचनाको हक उल्लंघन

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरका आठवटा स्थानीय तहले तीन/तीन महिनामा गर्नुपर्ने आफ्नो प्रगति बिवरण तथा क्रियाकलाप सार्वजनिक नगरेको पाइएको छ ।

यद्यपि थाहा नगर पालिका र इन्द्रसरोवर गाउँपालिकाले भने सार्वजनिक गरिरहेका छन् । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम हरेका सार्वजनिक निकायले तीन/तीन महिनामा कार्यालयले सम्पादन गरेको क्रियाकलाप र प्रगतिसहितको विवरण सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । थाहा र इन्द्रसरोवरले चालु आर्थिक वर्ष २०८०/८१ को दुई त्रैमासिककै प्रगति बिवरण सार्वजनिक गरेका छन् ।

थाहा नगरपालिकाले पछिल्लोपटक १० माघमा नगर पालिका सूचनाअधिकारी सुरजकुमार भुजेलले पालिकाको वेभसाइटमार्फत विवरण सार्वजनिक गरेका हुन् भने इन्द्रसरोवर गाउँपालिका सूचनाअधिकारी दीपक चापागाईंले विवरण सार्वजनिक गरेका छन् । दुई पालिकाको शाखागत विवरण सहित सार्वजनिक गरिएको विवरणहरु पालिकाको अफिसियल फेसबुक पेजमा पनि सार्वजनिक गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन बमोजिम हेटौंडा उपमहानगर पालिकासहित भीमफेदी गाउँपालिका, मकवानपुरगढी, बागमती, बकैया, मनहरी, कैलाश र राक्सिराङ गाउँपालिकाले तीन/तीन महिनामा विवरण सर्वाजनिक नगरेका हुन् ।

जिल्लाका सार्वजनिक तह र निकायलाई तीन/तीन महिनामा कार्यालयबाट सम्पादित क्रियाकलापको विवरण सार्वजनिक गर्नका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले समेत ताकेता गरेको छ । गत २५ पुसमा प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंको अध्यक्षतामा बसेको जिल्लाका सूचना अधिकारीहरुको बैठकले १० माघभित्र विवरण सार्वजनिक गर्ने निर्णय समेत भएको थियो । निर्णय कार्यान्वयन नभएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले पालिकाहरुलाई निर्णय कार्यान्वयन गर्न अनुरोध समेत गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# मयुरधाप औद्योगिक क्षेत्र च्याप्टर क्लोज ?

सरकारले ८ वर्ष अघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपछि लगानीकर्तामा थपिएको उत्साह यतिबेला मथ्थर भएको छ । सरकारी संयन्त्रमै समन्वय हुन नसकेपछि अन्तत: मयुरधापमा औद्योगिक क्षेत्र निर्माणको सम्भावना देखिएन । संरचना निर्माणमा तारबार लगाउने भन्दा दोस्रो काम गर्न सकेको छैन । हेटौंडा उपमहानगरपालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तारबार लगाएको जग्गा नै ४ वर्षदेखि लिमिटेडको नाममा छैन । ४ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ । १४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो ।

केपी शर्मा ओलीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न नसकेको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय पेश गरिसकेको छ । हेटौंडामा 'औद्योगिक क्षेत्र पार्ट टु' भनेर उत्साहित भएका लगानीकर्तालाई 'हात्ति आयो हात्ति आयो फुस्सा' भने झैं भएको छ । सरकारकै एउटा मन्त्रीले हतारहतार गरेर औद्योगिक क्षेत्र शिलान्यास गर्ने अर्को मन्त्रीले त्यहाँ औद्योगिक प्रतिष्ठान राख्न पाइदैन भनेर खबरदारी गर्ने देश नेपाल मात्र हुनसक्छ । अनि यस्तो अवस्था रहेको मुलुकमा लगानीकर्ताले किन जोखिम लिन्छन् ? औद्योगिक प्रतिष्ठान स्थापना भएर उत्पादन सुरु गरेपछि सरकारले नै उत्पादन गर्न पाईदैन भन्यो भने अचम्म मान्नु पर्दैन । १२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ ।

कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआईए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जनाएको छ । वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआईए प्रतिवेदन पेश गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो । ४ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ । ईआईए प्रतिवेदनमै वन मन्त्रालयमा अड्किएको छ । त्यही ईआईए प्रतिवेदन यता र उता भइरहेको हो बाँकी काम केही भएको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २१ गते सोमबार ४ मार्च २०२४ । नवमी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२७, सूर्यास्त ६:०५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धन प्राप्ति हुनेछ | **तुला** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **वृष** | : व्यापारमा नयाँ योजना बन्नेछ | **वृश्चिक** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **मिथुन** | : कठिनाई कम हुनेछ | **धनु** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **कर्कट** | : साथीभाइमा मनमुटाव हुनेछ | **मकर** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **सिंह** | : नयाँ काम समय देखिन्छ | **कुम्भ** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| **कन्या** | : अधुरा काम सम्पन्न हुनेछ | **मीन** | : सहयोग गर्ने भावना आउनेछ |

# गठबन्धन बहसमा बन्धक बनेको कांग्रेस महासमिति



✍ डिबी सुनार

नेपालको सबैभन्दा ठूलो, जेठो र लोकतान्त्रिक दल नेपाली कांग्रेसले यही महिनाको ७-१० गते आयोजना गरेको महासमिति भेलाले 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्ने उखानलाई जीवन्त राख्न थप योगदान पुऱ्याएको विषय चौतर्फी चर्चा भइरहेको छ ।

१४ औं महाधिवेसन मार्फत नेतृत्व चयन गर्दै नीति अधिवेशनका माध्यमबाट कांग्रेसको नीति तय गर्ने समझदारी भएको हुँदा यसभन्दा पूर्ववत् महाधिवेशनले अवलम्बन गर्दै आइरहेको पद्धतिको निरन्तरताको क्रमभङ्गता हो, गोदावरीमा आयोजना भएको महासमिति बैठक । बहुप्रतीक्षित महासमिति भेलाले जनअपेक्षा अनुरूप पार्टी र कार्यकर्ताको ठूलो पंक्तिमा आशा र विश्वास संचार गर्न नसकिरहेको दोष कांग्रेसलाई यतिबेला लागेको छ ।

२५ प्रतिशत महासमिति सदस्यहरूले धारणा राखेको उक्त बैठकमा अधिकांश महासमिति सदस्यहरूले महामन्त्री गगन थापाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रतिवेदनको पृष्ठ २७ मा उल्लेख भएको गठबन्धनका बारेमा आफ्नो धारणाहरू केन्द्रित गरेका थिए । दुर्भाग्यपूर्ण भन्नुपर्छ, देश र जनताका गहन मुद्दाहरू नेपाली कांग्रेस जस्तो दलले अनिवार्य रूपमा घनीभूत छलफल गरेर ठोस निर्णयमा पुग्दै महासमितिको अन्तिम दस्तावेजमा जबर्जस्त तवरले समेटिनुपर्थ्यो तर बैठकले ऊर्जा कम नैरश्यता ज्यादा प्रवाह गऱ्यो ।

**हराएको संस्कृति**

कांग्रेसका संस्थापक नेताहरू त्यो कालखण्डमा, जतिबेला अहिलेको जस्तो सूचना र ज्ञानको स्रोतमा सजिलै पहुँच हुँदैनथ्यो, चाहे संघर्षको मैदानमा हुन् या जेलको कठोर समयमा होस्, अनवरत अध्ययन र ज्ञानको भोकमा सदैव तल्लीन रहन्थे । यो तथ्य बीपी कोइराला, कृष्णप्रसाद भट्टराई र तत्कालीन अन्य नेताहरूको जीवनी अध्ययन गर्दा प्रष्ट हुन्छ ।

अझ भनौं, बीपी कोइरालाको बहुआयामिक व्यक्तित्वले गर्दा नेपालको राजनीतिक माहोलले विश्वको ध्यान नै आकृष्ट गरेको थियो । बीपी कोइरालाको वैचारिक र सैद्धान्तिक स्पष्टता, नेतृत्व कौशलता, दृष्टिकोणमा दूरदर्शिता, भाषिक ज्ञान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा दरिलो उपस्थितिका कारणले तत्कालीन समयमा कांग्रेसप्रति व्यापक जनआकर्षण र विदेशमा समेत नेपाली कांग्रेसप्रति चासो रहेको विषय ऐतिहासिक दस्तावेजहरूले प्रष्ट पार्दछ ।

विडम्बना भन्नुपर्छ, त्यस्ता मूर्धन्य हस्तीहरूबाट दीक्षित नेताहरू समेत वर्तमान अवस्थामा कताकता महत्वपूर्ण मुद्दाहरूको सवालमा अलमलमा परेका जस्ता देखिन्छन् । बीपी कोइरालाहरूको पुस्तामा अध्ययन गर्ने, कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा गहन छलफल गर्ने र दीर्घकालीन मुद्दाहरूको सवालमा बडो आत्मविश्वासी निर्णय गर्ने क्षमताको प्रदर्शन हुने गर्दथ्यो । प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरण गर्ने खुबी राख्दथ्यो नेपाली कांग्रेसको त्यो पुस्ता ।

असंलग्न आन्दोलन, समाजवादी अन्तर्राष्ट्रिय मञ्च लगायत विविध अन्तर्राष्ट्रिय मञ्चहरूमा बीपी कोइरालाको अर्थपूर्ण सहभागिता र क्रियाशीलताले नेपालको अन्य मुलुकहरूसँगको सम्बन्ध विस्तार हुन मद्दत पुगेको देखिन्छ । बीपीको अन्तर्राष्ट्रियस्तरमा लोभलाग्दो सक्रियताले गर्दा छिमेकी मुलुकका समकक्षी समेत सावधान रहन्थे भन्ने तथ्य विभिन्न ऐतिहासिक दस्तावेजहरूले प्रष्ट्याउँदछन् ।

उत्पन्न विवादका विषयमा तथ्यसंगत राय प्रस्तुत गर्दै अन्य देशका समकक्षी नेताहरूसँग खुलेर छलफल गर्ने ताकत बीपी कोइरालाले राख्नुहुन्थ्यो भन्ने तथ्य चीनसँग सगरमाथाको विवाद समाधान गर्दै नेपालको पक्षमा निर्णय गराउनुथियो ।

नेपाल र तिब्बतको विवादलाई लिएर भारतका तत्कालीन प्रधानमन्त्री नेहरूले संसदमा दिएको अभिव्यक्तिको जवाफमा बीपीले तिब्बतसँगको विवादको मामिला हाम्रो आन्तरिक मामिलाको विषय भएकोले नेपाल यसको समाधान गर्न सक्षम रहेको र आवश्यक परे संयुक्त राष्ट्रसंघमा गएर यसको हल निकालिनेछ भन्ने प्रष्ट जवाफ दिंदै राजनीतिक स्पष्टता प्रदर्शन गर्नुभएको थियो ।

'विरासत भनेको मैले आफ्ना लागि के गरे भन्ने कुरा होइन, विरासत भनेको आउने पुस्ताको लागि मैले के गरेको छु भन्ने कुरा हो', ब्राजिलका प्रसिद्ध व्यावसायिक मुक्केबाज खेलाडी भिटोर बेल्फोर्टले भनेको जस्तो भाव नेपालका विद्यमान राजनीतिक दलले अपनाउन सकिरहेका छैनन् ।

बीपी कोइरालाको पुस्ताले गर्नुभएको कर्मले उहाँपछिको पुस्ताको लागि मार्गचित्र बनेको छ र अहिलेको पुस्ता समेत त्यही बाटोमा हिंडिरहेको छ । वर्तमान क्रियाशील राजनीतिक पुस्ताले आगामी पुस्ताका निम्ति कस्तो मार्गचित्र दिएर जाने भन्ने विषय अझै अलमलमा रहेको देखिन्छ । नेपाली कांग्रेसको अहिलेको केन्द्रीय समितिको संयोजन बडो गज्जबको छ । शासन पद्धति र पार्टी राजनीतिको गहिरो अनुभव बटुलेका सभापतिको पुस्ता अनि आशा र भरोसाको बिम्बका रूपमा रहेका महामन्त्रीद्वयको पुस्ता ।

कुनै पनि राजनीतिक दलका निम्ति सांगठनिक बनोटका हिसाबले यस्तो गजबको केमेष्ट्री विरलै मिल्ने गर्दछ । यति हुँदाहुँदै पनि नेपाली कांग्रेसको महासमिति बैठकले आगतको निम्ति दीर्घकालीन महत्वका मुद्दा उपर छलफल गर्दै स्पष्ट मार्ग कोर्नबाट भने चुकेको देखिन्छ ।

**अल्मलिएको बाटो**

नेपाली कांग्रेसले आफ्नो पार्टीको व्यक्तिगत जीवन भन्दा माथिका बोक्नुपर्ने थुप्रै मुद्दा छन्, जुन राष्ट्रका र जनताका मुद्दाहरूसँग सम्बन्धित रहेका छन् । भर्खरै सम्पन्न महासमितिको बैठकमा राष्ट्रको जीवन र जनताका मुद्दाहरू ओझेलमा परेका देखिन्छन् । देशको वर्तमान आर्थिक अवस्थाका बारेमा, विद्यमान राजनीतिक संकटको मोचनका बारेमा, शान्ति प्रक्रियाका थाती रहेका कार्यभारलाई तार्किक निष्कर्षमा पुऱ्याउने कर्म, संविधानको सफल कार्यान्वयन लगायत तमाम प्रमुख मुद्दाहरूका बारेमा घनीभूत छलफल हुन नसक्नु नेपाली कांग्रेस वर्तमान अवस्थामा अलमलमा परेको प्रष्ट देखिन्छ ।

बदलिंदो अन्तर्राष्ट्रिय परिस्थितिका बारेमा विदेश नीति जस्तो संवेदनशील मुद्दामा छलफल हुन नसक्नु जस्ता विषयले पार्टी वैचारिक संकटको दलदलमा फसेको भान भएको छ । महासमिति बैठक जहाँ यी र यस्ता तमाम विषयहरूमा घनीभूत छलफल भएर स्पष्ट दृष्टिकोण निर्माण गर्दै विद्यमान समस्याहरूलाई निकास दिन सक्नुपर्थ्यो, तर कांग्रेस यो बेला मुलुकको 'ट्रबलसुटर' को उपाधि चुम्नबाट चुकेको छ ।

नेपाली कांग्रेसले बोक्ने मुद्दाहरू माथि गरिने विमर्श र निर्णयले मुलुकले रोज्नुपर्ने दीर्घकालीन बाटो दोधारमा रहेको छ । देशमा उत्पन्न हुन खोजिरहेका प्रतिगामी कदमहरू, पश्चगामी गतिविधि र अतिवादी क्रियाकलापहरूका कारणले गर्दा मुलुकले विभिन्न आन्दोलनबाट प्राप्त गरेका तमाम उपलब्धिहरूलाई विस्थापित गर्ने खतराको घन्टी बजिरहेका छन् ।

तत्कालीन रूपमा निरूपण गर्नुपर्ने यस्ता तमाम मुद्दाहरूका बारेमा आवश्यक रणनीतिक कदमहरूका बारेमा यो महासमिति बैठकले निर्णय गर्नुपर्थ्यो । पार्टीभित्र पनि अनेकन् दृष्टिकोणहरू सतहमा आइरहेका छन्, जस्तै नेपाललाई हिन्दु राज्य घोषणा गर्नुपर्ने माग सम्बन्धी हस्ताक्षर अभियान नै सञ्चालन भयो, ती मुद्दाहरूमा समेत स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नुपर्थ्यो यो महासमिति बैठकले ।

प्राय:जसो सबै प्रमुख र साना राजनीतिक दलहरूले स्वीकार गरेको तर स्पष्ट दृष्टिकोण सहित निर्णय दिन नसकेको पेचिलो विषय हो निर्वाचन प्रणाली । निर्वाचन प्रणालीका बारेमा राजनीतिक दलहरूले नै विरोधाभासपूर्ण टिप्पणीहरू गर्दै आइरहेका छन् । २०६२/६३ को जनआन्दोलनको महत्वपूर्ण उपलब्धिहरू मध्येको मिश्रित निर्वाचन प्रणाली एक हो भन्ने गर्दछौं र सँगै यो निर्वाचन प्रणालीले राजनीतिक स्थायित्व पनि प्रदान गर्न सकेन भनिरहेका छौं ।

कुनै पनि उपलब्धिहरू यति छोटो अवधिमा किन यसरी व्यवस्थाका निम्ति अप्रिय हुँदै गइरहेका छन् भन्ने कुराको हल दिने कर्म अन्य दलभन्दा नेपाली कांग्रेसको हो । समानुपातिक र समावेशी सहितको प्रतिनिधित्व २०६२/६३ आन्दोलनको अर्को महत्वपूर्ण उपलब्धिको रूपमा हामीले ग्रहण गरेका छौं, तर हामीले अपनाएको विधिप्रति आज चौतर्फी आलोचना भइरहेको छ ।

यसले पार्टी पंक्तिमा नैराश्यता पैदा गरिरहेको छ । हामीले अपनाएको निर्वाचन प्रणाली र समावेशी समानुपातिक अवधारणा एकअर्कामा अन्तर्निहित विषय हुन् । यी दुवै विषयले सुशासनको अवस्थालाई प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन । सुशासनको सन्दर्भमा पनि नागरिकको पंक्तिमा व्यापक असन्तुष्टि रहेको छ । भ्रष्टाचार, बेथिति र राजनीतिक दलहरूप्रति चरम असन्तुष्टिका कारणहरू पहिल्याउँदै समाधानको दिशानिर्देश गर्ने जिम्मेवारी नेपाली कांग्रेसको हो जुन विषयहरूमा महासमिति सदस्यहरूबाट बुलन्द आवाज मुखरित हुन सकेन ।

महासमितिको बैठक अनेकन् दृष्टिका हिसाबले सबैको चासो रहेको हुनाले पनि केन्द्रीय समितिका पदाधिकारीहरूमा आफूले उठान गरेको मुद्दालाई कसरी पारित गराउने भन्ने होडबाजी चलेको थियो जसका कारणले भेलाको माहोलको केन्द्र नै गठबन्धनको मुद्दा भइदियो । गठबन्धनको मुद्दा यसरी गलपासो भइदियो कि मानौं यसको विषयमा धारणा व्यक्त गर्ने महासमिति सदस्यले उक्त विषयलाई उच्चारण नगर्दा व्यक्त भएको धारणाले नै पूर्णता नपाउला भन्ने चिन्ताको माहोल बनेको देखिन्थ्यो ।

उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएको समसामयिक राजनीतिक प्रस्ताव भित्र रहेका बहुतै दीर्घकालीन महत्वका मुद्दाहरू उपर सुझाव प्रकट गर्ने महासमिति सदस्यहरू नगन्य मात्रामा रहेका थिए ।

नेपालको वर्तमान अर्थतन्त्रको प्रभावले आम नागरिकलाई प्रत्यक्ष असर पारेको हुनाले हुनसक्छ, अर्थमन्त्री प्रकाशशरण महतले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा सुझाव दिंदै गर्दा अलमलको भावमा 'वर्तमान आर्थिक संकट समाधानको नेतृत्व नेपाली कांग्रेसले लिनुपर्छ' भन्ने भाव सहित केही महासमितिका सदस्यहरू प्रस्तुत भए । यदि लोकतान्त्रिक शक्तिले ठिक हिसाबका साथ राष्ट्र र जनताका मुद्दाप्रति सोचविचार गर्न सकेन भने देशको भविष्य अन्योलग्रस्त हुन्छ । बीपी कोइरालाले भन्नुभएको जस्तो यदि नेपाली कांग्रेसले सही समयमा आवश्यकता अनुसारको निर्णय लिन सकेन भने मुलुक अनिर्णयको बन्दी बनिरहन्छ ।

मुलुकको जिम्मेवार राजनीतिक दल भएको कारणले गर्दा यस प्रकृतिका नीति तय गर्ने बैठकले एउटा बेग्लै ऊर्जा सहितको सन्देश प्रवाह गर्नुपर्छ । नेपाली कांग्रेसले अख्तियार गर्ने नीतिले पार्टीको निजी जीवनलाई के-कस्तो प्रभाव पार्छ भन्ने कुराले महत्व निश्चय पनि राख्दछ तर त्योभन्दा पनि ठूलो महत्व देश र जनताको दीर्घजीवनमा असर गर्ने भएकोले आगामी समयमा हुने यस्ता बैठकले सार्थक हस्तक्षेप सहितको दिशाबोध गर्नमा केन्द्रित हुन सक्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# नेतृत्व र व्यवस्थाविरुद्धको आक्रोश



✍ श्यामप्रसाद मैनाली

नेपालमा लोकतान्त्रिक आन्दोलनमा धेरै सन्ततिहरुले बलिदान गरेका छन् । हालका राष्ट्रिय मान्यताप्राप्त दलहरूका लागि नेपाली जनता आफ्नो प्राण उत्सर्ग गर्न पनि तयार रहेका र धेरै नेपालीले लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गरेका छन् । यसरी ठूलो त्याग र तपस्यापश्चात् प्राप्त नेपालको लोकतन्त्र विकृतिमय बन्दै गएको छ । राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति हालका राजनीतिक दलहरू इमानदार देखिएका छैनन् । राजनीतिक पात्रहरुको गलत रवैयाका कारण लोकतान्त्रिक प्रणालीमै प्रश्न उठ्न थालेको छ ।

राजनीतिक दलहरूका नेताहरुलाई आफ्नो लामो त्यागबाट देशमा लोकतन्त्र प्राप्त भएको हो । आफ्ना दलको सञ्जाल विस्तारित भएको र कार्यकर्ताहरुको समर्थनमा शासनमा पटक-पटक पुग्न सकिने गलत सोच रहेको छ । यी सरकारमा पटक-पटक पुगेकाहरुले देशमा अत्यन्त ज्यादा विसंगति फैलाएकोमा युवापुस्ता आक्रोशित छ । उनीहरुमा लोकतन्त्र प्राप्तिका लागि गरेको त्यागलाई लोकतन्त्रकै उपहास हुने गरी शासन सत्ता सञ्चालन गर्न नहुने बुझाइ रहेको छ । यस्ता युवाहरुको संख्या दिनानुदिन बढिराखेको छ । अमुक दलका नेताहरू कति वर्ष कारावासको दण्डमा परे ? निर्वासित जीवन बिताउनुपरेको र जेलनेलगायतको पीडा भोग्नुपरेको सन्दर्भलाई महत्व दिन चाहँदैनन् । देशमा सुशासन कायम हुनुपर्ने, यिनै नेताहरुको अकर्मण्यताबाट देशको अवस्था दयनीय बन्दै गएको आक्रोश उनीहरूमा छ । तर प्राय: सबै दलहरूका नेतृत्व तहमा रहनेहरू सत्तामा पुगेर अवसरको दुरुपयोग गर्न एकसूत्रीय हिसाबले लागिपरेका छन् ।

लामो समयसम्म पटक-पटक नेपाली नागरिकले यी दलका नेताहरुलाई साथ दिए । तीनपटकसम्म नेपालीहरू सडकमा आए । नेताहरुको त्यागले मात्र देशमा लोकतन्त्र आएको किमार्थ होइन । जनताको बलिदानीले लोकतन्त्र प्राप्त गर्न सहज बनाएको हो । हरेक आन्दोलनमा राजा नै मुख्य निशानामा परेका हुन् । नेपालका राजा नै लोकतन्त्र समाप्त गर्ने प्रमुख पात्र देखिए । राजाले नै प्राप्त लोकतन्त्रमाथि पटक-पटक हमला गरेका हुन् । २०६३ सालबाट देश गणतन्त्र बनेको छ ।

अब राजनीतिक अधिकार प्राप्तिका साथै लोकतन्त्रको संस्थागत विकास र आर्थिक तरक्की सबै हुनुपर्ने हो । तर नेताहरुको अकर्मण्यताका कारण नेपाली नागरिकले लोकतन्त्रको पर्याप्त अभ्यास गर्न पाएनन् । आर्थिक तरक्की र समुन्नतिको सन्दर्भ नेताहरुको अभिव्यक्तिमै सीमित बन्यो । अब पूर्वराजा सर्वसाधारण नागरिकसरहको व्यवहार गरेर नेपालमै बसेका छन् । नेपालको शासन सत्तामा राजाहरू वा राजपरिवारको कुनै पनि प्रकारको अप्रत्यक्ष सम्बन्धसमेत छैन । यद्यपि यिनै नेताहरू लोकतन्त्र खतरामा पऱ्यो भन्दै अलापविलाप गर्नमा समय खर्चिंदै छन् । आखिर १७ वर्षको अल्पअवधिमा निरंकुश राजालाई शासन सत्ताबाट बिदा गरिसके पछि पनि लोकतन्त्रमाथि खतराचाहिँ कुन शक्तिबाट भएको छ ? अनुसन्धानको विषय बनेको छ ।

**संघीय गणतन्त्रमा जनता किन आक्रोशित ?**

अहिले देशमा जनता आक्रोशित छन् । उनीहरुको आक्रोश सबै दलहरूका शीर्षस्थ नेतृत्वका विरुद्ध छ । यी लोकतन्त्रका सेनानीहरूबाट राष्ट्र र राष्ट्रियताविरुद्ध के-कस्ता हर्कतहरु भए ? जनताको आक्रोश व्यवस्थाविरुद्ध हो वा यसका पात्रहरूका विरुद्ध ? अल्प अवधिमै जेलनेल खाएका, निरंकुश शासनबाट धेरैपटक शारीरिक र मानसिक पीडाबोध गरेका, जनताले विश्वास गरेका, आफ्ना सन्तती र श्रीसम्पत्ति गुमाएकाहरू नै किन बदनाम भए ? विश्लेशणको विसय बनेको छ । अहिले देशमा भ्रष्टाचार अत्यन्त मौलाएको छ । स्वार्थ गाँसिएका विषयहरुको खोजी गर्दै आफैँले निर्णय लिने सन्दर्भ दैनिकीजस्तै भएको छ । राजनीतिलाई अपराधीकरण गरिएको छ । नवसम्भ्रान्त वर्गको विकास भएको छ । लोकतन्त्रको अभिन्न अंगको रुपमा रहेको राजनीतिक दलहरुको पहिचान र जनतामा पुग्ने माध्यम भनेकै त्यस दलले अंगीकार गरेको आदर्श र सिद्धान्त हो । त्यसैमा हदैसम्मको समझदारी गरिएको छ । दलीय प्रणालीमा निर्दलीय विशेषताहरू देखिन थालेका छन् । देश आर्थिकरुपमा जर्जर बनिराखेको छ ।

वैदेशिक ऋणको मात्रा बढिराखेको छ । साधारण खर्चले विकास खर्चलाई धेरै पछाडि पार्दै गएको छ । निर्वाचन अत्यन्त खर्चिलो बनिराखेको छ । यो सबै अवस्थाको आमन्त्रण अहिलेको राजनीतिक नेतृत्व तहमा रहेको पुस्ताले गरिराखेको छ । यही पुस्ताविरुद्ध नेपालीहरू आक्रोशित बनेका छन् । देशमा नागरिकले विश्वास गर्नयोग्य दलहरू र असल पात्र भेट्न सकेका छैनन् । हालसम्म परीक्षण भइसकेकाहरूबाट केही आशा गर्ने ठाउँ देखेका छैनन् । विकल्प पनि राजनीतिमा देखिएको छैन । यिनै कारणहरुले गर्दा आक्रोश बढिराखेको छ ।

जीवनको उत्तरार्धमा लागेका नेतागण नागरिकहरुको वक्रदृष्टिमा परेका छन् । यो स्थिति र छनक पटक-पटक दिएका छन् । किनकि सामान्य पत्रकारलाई पनि जनताले साथ दिएका छन् । उनको दललाई राजनीतिमा भाग लिएकै वर्ष चौथो ठूलो दलमा स्थापित गरिदिएका हुन् ।

अर्का सामान्य मेडिकल व्यवसायी जो बैंकको ऋण तिर्न आनाकानी गर्दै ऋणीहरूकै सहयोगमा आन्दोलनमा उत्रिएका थिए, छन् । यसमा पनि ठूलो संख्यामा नेपालीहरू उपस्थित भई यी लोकतन्त्रका सेनानीहरुलाई पाठ पढाएका छन् । यसबाट यी नेताहरूमा चेत आउनुपर्ने हो तर थोरै पनि सुधारको संकेत देखिएको छैन ।

कुनै पनि प्रकारका राजनीतिक प्रणाली वा व्यक्ति वा यी पात्रहरूबाट सम्पादन भएका गलत कार्यहरूका बारेमा विरोध हुँदा सबै प्रकारका मागहरू राख्ने साझा थलोको रुपमा यस मञ्च वा अभियानलाई लिने गरिएको छ । धेरै प्रकारका असन्तोषहरू जनतामा देखिएका छन् । दुर्गा प्रसाईंको आन्दोलनमा देखिएका सहभागीहरूका उदाहरण दिँदा त्यस आन्दोलनमा सबै प्रकारका मानिसहरू देखिए । हिन्दु धर्मवादीहरूदेखि लिएर सक्रिय राजतन्त्र, संवैधानिक राजतन्त्रवादीहरू, संघीयताको खारेजी, निर्वाचन प्रणालीको पुनरावलोकन गरी प्रत्यक्ष निर्वाचन प्रणाली लागूगर्नेसम्मका मानिसहरुको जमघट देखियो । दुर्गाजीले जम्मा हुने चौतारीसम्म चिनेका थिए । यी मागहरु पूरा गर्ने माध्यमहरू दुईवटा छन् । पहिलो हो दल खोलेर उक्त दल जनतामा जाँदा दुई तिहाइ स्थानमा संसद्मा उपस्थिति दिँदामात्र सम्भव हुन्छ । यी सबै मागहरू सबै समूहका लागि स्वीकार्य हुने सम्भावना छैन ।

तसर्थ वैधानिक बाटोबाट आफ्ना मागहरू पूरा गर्न सकिने सम्भावना देखेका छैनन् । दोस्रो हो सडकबाटै आफ्ना मागहरु पूरा गर्ने गरी आन्दोलनबाटै छिनोफानो गर्ने, नेपालको राजनीतिको अन्तर्य यस सन्दर्भमा बुझ्नुपर्ने हुन्छ । नेपालमा २००७, २०१५, २०४६ र २०६३ का आन्दोलनहरू नेपाली नागरिकहरूको बलमा सफल भएको कसैले देख्छ भने उसले नेपालको राजनीति नबुझेको हो । यी सबै आन्दोलनमा छिमेकी राष्ट्रको सहयोग प्राप्त भएको थियो ।

आन्दोलनमा सहभागी प्राय: सबैले यी यथार्थतालाई बुझेकै हुनुपर्छ । तर सबैले बुझेको विषय हो यी एजेन्डाहरूका लागि वर्तमान व्यवस्था असफल हुनुपर्दछ । यो असफल बनाउने माध्यमका रुपमा दुर्गा देखिँदै गर्दा जनता सडकमा आएका हुन् । यो अवस्था वा आक्रोश फैलिनुको कारण नेपालका युवाहरू हुन् । आधुनिक सञ्चारमाध्यममा नेपालका युवाहरू परिचित छन् । नेपालको राजनीति शारीरिक र मानसिकरुपमा अशक्त भएकाहरुको पक्कडमा छ । उनीहरूबाट केही सकारात्मक परिवर्तनको अपेक्षा गर्न सकिने अवस्था छैन । युवा पुस्ता शासन र सत्तामा पुग्न सक्ने अवस्था पनि छैन । उनीहरू अत्यन्त ज्यादा दलीय अनुशासनका नाममा यिनै अशक्त व्यक्तित्वहरूबाट दबाबमा बाँचेका छन् । यसबाट राजनीतिमा आफ्नो भविष्य युवाहरुले देख्न सकिराखेका छैनन् । अहिलेका सबै पढेलेखेका युवाहरू इन्टरनेटलगायतका सामाजिक सञ्जालहरूमा अभ्यस्त छन् । विश्वमा सामाजिक सञ्जाललगायतका क्षेत्रमा आएको परिवर्तनको बारेमा राम्ररी जानकारी राख्दछन् । विश्व घटनाक्रमहरुको अध्ययन गरिराखेका छन् । तर वृद्ध नेताहरू आफ्ना स्वार्थलोलुप झुन्डहरूसँग अन्तरक्रिया गर्दछन्, उनीहरूबाट भएको आफ्नो प्रशंसा सुन्दै आत्मरतिबाट प्रसन्न हुन जानेका छन् ।

क्रमश: पृष्ठ-३....

### चितवनको होस्टेलमा छात्रा मृत्यु प्रकरण :

# पारिवारिक विखण्डनको मारमा शालिन

चितवन/चितवनको रत्ननगर नगरपालिका (रनपा) वडा नं. १० मा रहेको शिशु निकेतन माविको छात्रावासमा यही फागुन १२ गते कक्षा ८ मा अध्ययनरत एक छात्रा शालिन पोखरेल मृत अवस्थामा भेटिइन् । घटना भएको एक साता बित्दा पनि उनको हत्या भएको हो वा आत्महत्या हो भन्ने विवरण आधिकारिक रुपमा सार्वजनिक भएको छैन ।

सो घटना भएको थाहा पाउनेवित्तिकै इलाका प्रहरी कार्यालय टाँडीको टोली घटनास्थल पुगेको थियो । प्रहरी टोलीले होस्टेल भित्रको कोठामा स्काउटको डोरीले घाँटीमा पासो लगाएर झुण्डिएको अवस्थामा फागुन १२ गते शनिबार बिहान १०.३० बजे शालिनलाई मृत फेला पारेको थियो । शनिवारको दिन भएकाले विद्यालयको नियमित पठनपाठन थिएन ।

विगत दुई वर्षदेखि विद्यालयको होस्टलमा बस्दै आएकी शालिनले आत्महत्या गरेकी हुन् वा हत्या गरिएको हो भन्ने विषयको अनुसन्धान प्रहरीले गरिरहेको जनाएको छ । रनपा-१५ माधवपुरमा रहेका मावलीले शालिनलाई विद्यालयको होस्टेलमा राखिदिएका थिए । उनका बुवा दीपेन्द्र पोखरेल र आमा सगुन पोखरलले बीच सम्वन्ध बिच्छेद भैसकेपछि शालिन मामा घरकी हजुरआमाको संरक्षणमा थिइन् ।

घटना पछि प्रहरीले सुरुमा जाहेरीको भाषा नमिलेको भन्दै लिन अस्वीकार गरेर फर्काएको थियो । प्रहरीले घटनाको तीन दिन पछि मात्रै जाहेरी लिएपछि चितवन प्रहरी र अस्पतालप्रति विश्वास नभएको भन्दै शालिनका बुवाले भरतपुर अस्पतालमा पोष्टमार्टम गर्नसमेत नदिई शव काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा पुर्याएका थिए ।

शालिनको शवको पोष्टमार्टम रिपोर्ट पाइनसकेको चितवन प्रहरीले जनाएको छ । आइतबार वा सोमबारसम्म पोष्टमार्टमको रिपोर्ट चितवन पठाउने तयारी गरिएको स्रोतले जनाएको छ ।



परिवारका सदस्यले होस्टल भित्रै उनीमाथि बलात्कार पछि हत्या गरिएको दावी गरेका छन् । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसन्धान अधिकृतहरुले भने प्रारम्भिक अनुसन्धानमा बालिकाले आत्महत्या गरेको तर्फ संकेत गरेका छन् ।

शवको प्रारम्भिक विवरण अनुसार उनको गालानेर डाम छ । घाँटीमा डोरीको डाम छ । प्रहरीले प्रारम्भिक अनुसन्धानमा शरीरका अन्य भागमा कुनै बाहिरी चोटपटक नभेटेको बताएको छ ।

प्रहरीले शालिनको शवसँगै उनको सुसाइड नोटसमेत भेटेको थियो । सुसाइड नोटमा सबैसँग माफ मागेको भाव झल्किने गरी लेखेको प्रहरीले जनाएको छ । प्रहरीले सुसाइड नोटका अक्षरसँग उनले यसअघि लेखेका कपीका अक्षर हरुसमेत दाँजेर अनुसन्धान थालेको जनाएको छ । सो नोट उनले नै लेखेको हो वा होइन भन्ने विषयमा थप अनुसन्धान गर्न त्यसलाई प्रहरीको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला पठाउने तयारी छ । प्रहरीले विद्यालयको सीसी टिभीको फुटेजसमेत ल्याएर अनुसन्धान गरिरहेको छ ।

शालिनसँगै छात्रावासको एउटै कोठामा तीन जना साथीहरु बस्थे । उनीहरुसँग पनि प्रहरीले सोधपुछ गरेको छ ।

घटनापछि प्रहरीले किटानी जाहेरीका आधारमा विद्यालयका प्रिन्सिल ६० वर्षीय बालहरि देवकोटा, सहायक प्रिन्सिपल ४० वर्षका किरण बहादुर अधिकारी र होस्टल वार्डेन ४८ वर्षीय कमल शर्मा पौडेललाई सोही दिन पक्राउ गरेको थियो । शालिनका आफन्तले किटानी जाहेरी दिएपछि पक्राउ परेका तीनै जनाविरूद्ध ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गर्न चितवन प्रहरीले अदालतबाट सात दिनको म्याद थप लिएको छ ।

**लामो समय बुवा-आमाको ममताबाट टाढिएकी थिइन् शालिन**

शालिन तीन वर्षको छँदा नै उनका आमा र बुवाको सम्बन्ध बिच्छेद भएको थियो । आमा-बुवा बीच सम्वन्ध बिच्छेद भएपछि उनी कहिले काकासँग त कहिले मामाघरकी हजुरआमासँग बस्दै आएकी थिइन् ।

शालिनको बुबा दक्षिण अफ्रिकामा र आमा दुवईमा बस्दै आएका थिए । बुवा केही समय अगाडि मात्रै नेपाल आएका हुन् । बुवा र आमा दुवैले विदेशमा अर्को विवाह गरेर बसेका थिए । आमाले पाकिस्तानी नागरिकसँग बिहे गरेकी थिइन् भने बुवा काठमाडौं बसुन्धरामा कान्छी श्रीमतीका साथ बसिरहेका छन् ।

उनीहरुले होस्टेलको वार्डेनमार्फत बेलाबखत छोरीसँग फोनमा कुराकानी गर्ने गरेका थिए । लामो समयदेखि बुवा-आमाको ममताबाट टाढिएकी थिइन् शालिन । घटनापछि भने उनका बुवा-आमा दुबै मिलेर पत्रकार सम्मेलनसमेत गरेका छन् ।

**प्रधानमन्त्री प्रचण्डले भने- घटनाको निष्पक्ष छानविन हुन्छ**

शालिन पोखरेलको मृत्यु प्रकरणले सबैजसो सरकार र सबैजसो राजनीतिक दलहरुको ध्यान तानेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो फेसबुक पेजमा शालिन पोखरेलको मृत्युले गम्भीर र दु:खी भएको उल्लेख गरका छन् । उनले घटनाको गहन छानबिन गरी सत्यतथ्य पत्ता लगाउन गृहमन्त्रालयलाई निर्देशन दिएको पनि जनाएका छन् । उनले पोखरेल परिवारलाई न्याय दिलाउन सरकार दृढ र प्रतिबद्ध रहेको पनि जनाएका छन् ।

यस्तै, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शालिनको मृत्युबारे सत्यतथ्य बाहिर ल्याउन सरकारसँग माग गरेका छन् । उनले शनिबार फेसबुक पेजमा स्टाटस राख्दै घटनाले आफूलाई बेचैन बनाएको र सत्य तथ्य केहो चाँडो बाहिर ल्याउन माग गरेका हुन् ।

यसैबीच सत्तारूढ दल नेपाली कांग्रेसले पनि घटनाको निष्पक्ष र गहन अनुसन्धान गरी दोषीलाई चाँडोभन्दा चाँडो कारबाहीको दायरामा ल्याउन माग गरेको छ ।

**दबाबमा चितवन प्रहरी**

विभिन्न राजनीतिक दलका नेताहरुको अभिव्यक्ति, सामाजिक सञ्जालमा घटनाबारे आएका तर्कवितर्क र युट्युबहरुमा आएका विभिन्नखाले टिकाटिप्पणीले चितवन प्रहरी दबाबमा परेको छ । घटनाको सुरुमा जाहेरी लिन अस्वीकार गरेको भनेर आरोप खेपेको चितवन प्रहरीले शनिवार विज्ञप्ती नै जारी गर्दै अनुसन्धानलाई प्रभावित गर्ने गरी सामाजिक सञ्जालमा विषयहरु सम्प्रेषण नगर्न अनुरोध गरेको छ ।

चितवनका प्रहरी प्रवक्ता डीएसपी श्रीराम भण्डारीले विज्ञप्ती जारी गर्दै घटनाको तथ्यपरक वस्तुनिष्ठ अनुसन्धान कार्य जारी नै रहेकाले सार्वजनिक भएका विभिन्न विषयवस्तुप्रति कार्यालयको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । घटनालाई प्रहरीले गम्भीर रुपमा लिएको भन्दै उनले अनुसन्धानका वैज्ञानिक परीक्षण प्रतिवेदनहरु हालसम्म प्राप्त नभएको र सो प्राप्त नहुञ्जेल अनुसन्धानलाई प्रभाव पार्ने गरी कुनै पनि विषयवस्तु सम्प्रेषण नगर्न विज्ञप्तीमार्फत अपिल गरेका छन् ।

घटनाको जानकारी प्राप्त हुनासाथ सिनियर प्रहरी अधिकृतको कमाण्डमा विशेषज्ञ सहितको अनुसन्धान टोली घटनास्थलमा पुगेको र सुक्ष्म अनुसन्धान भैरहेको विज्ञप्तीमा उल्लेख छ । घटनाको प्रारम्भिक अनुसन्धान सकिएको र तथ्यपरक तथा वस्तुनिष्ठ अनुसन्धान जारी रहेको चितवन प्रहरीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘उपहार’मा बालेनको विरोध होइन, काठमाडौंको यथार्थता छ : ज्ञानेन्द्र देउजा

काठमाडौं/यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘उपहार’को ट्रेलर सार्वजनिक भएपछि काठमाडौंका मेयर बालेन शाहको विरोधमा फिल्म बनेको भन्दै टिप्पणी भइरहेको छ । ट्रेलरमा फुटपाथ व्यापरीहरुमाथि महानगरको धरपकड र डोजरले अनाधिकृत संरचनाहरु भत्काइएको दृश्य समावेश छ । र, अभिनेत्री रेखा थापाको एक संवादले फुटपाथ व्यापारीको समर्थन गरेको देखिन्छ ।



तर, निर्देशक ज्ञानेन्द्र देउजाले फिल्ममा बालेनको विरोध नभइ काठमाडौंको यथार्थतालाई देखाउन खोजेको बताएका छन् । उनी भन्छन्, ‘फिल्ममा मकैं बेच्नेदेखि चिया बेच्नेसम्मको कथा छ । यो भूइँमान्छेको कथा हो । हरेक पात्रको आफ्नै उद्देश्य छ । अहिले नै फिल्म बालेन विरोधी भनेर नभनौं । फिल्म रिलिजपछि थाहा हुन्छ । खासमा मैले काठमाडौंको यथार्थतालाई देखाउन खोजेको छु ।’

फिल्मले समसामयिक विषय उठाउनुपर्छ भन्ने मान्यतामा आफूले ‘उपहार’ बनाएको उनको जिकिर छ । ‘फिल्ममा समाजको कथा छ । विषय त्यत्ति ठूलो छैन । काठमाडौंलाई एक फन्को लगाउँदा हामीले देख्ने कथाहरुलाई समेटेर मनोरञ्जनपूर्ण फिल्म बनाएको छु,’ उनले भने । लामो समयदेखि एउटै किसिमका फिल्म हेर्दै आएका दर्शकलाई ‘उपहार’ फरक लाग्ने समेत देउजाको दाबी छ ।

‘सधैं मासुभात मात्र किन खाने ? कहिलेकाहीँ खिर पनि खाउँ भनेर मैले विषयवस्तु ल्याएको छु । पछिल्लो समय आएका फिल्मको भन्दा ‘उपहार’को कथा विल्कुलै फरक छ,’ उनी थप्छन्, ‘फिल्म हेरेपछि दर्शक खुसी भएर जानुहुन्छ, यो मेरो ग्यारेन्टी हो ।’ उनको बुझाईमा फिल्म आम मानिसको भोगाईको कथा हो । यसैले फिल्मको कथामा दर्शकले अपनत्व महसुस गर्ने देउजाको विश्वास छ ।

# विवाह बन्धनमा बाँधिइन् नन्दिता

काठमाडौं/अभिनेत्री नन्दिता केसी विवाह बन्धनमा बाँधिएकी छन् । शनिबार लाजिम्पाटस्थित शंकर होटलमा डा. अरविन्द कटवालसँग उनले लगनगाँठो कसेकी हुन् । उनीहरुको विवाह समारोहमा दुई पक्षाका पारिवारिक सदस्यसँगै भुवन केसी, दीलिप रायमाझी दम्पती, श्वेता खड्का, रेनशा वान्तवा राई लगायतका सेलिब्रेटीहरु पनि सहभागी थिए । बिहीबार नन्दिताको मेहेन्दी सेरोमनी भएको थियो ।



गत हप्ता नन्दिताले आफू विवाह बन्धनमा बाँधिन लागेको जानकारी गराएकी थिइन् । क्यानडाको बान्फ नेशनल पार्कमा अरविन्द्रले नन्दितालाई विवाहको प्रस्ताव राख्दै औंठी लगाइदिएका थिए । अरविन्द्र पेशाले भने कार्डियोलोजिस्ट (मुटुरोग विशेषज्ञ) हुन् । उनी अमेरिकाको नर्थ क्यारोलिनामा बस्ने गरेका छन् । नन्दिताले पनि विगत लामो समयदेखि अमेरिकालाई नै कर्मथलो बनाएकी छन् ।

अमेरिका गएसँगै नन्दिताले अभिनयलाई निरन्तरता दिन सकेकी छैनन् । फिल्म ‘इन्द्रेणी’बाट डेब्यू गरेकी उनको पछिल्लो रिलिज फिल्म ‘जंगबहादुरको कोट’ हो । उनले ‘हामी तीन भाई’, ‘बाटो मुनीको फूल’, ‘बसमा छैन यो मन’, ‘सपना, ‘त्रिशुल’, ‘पराई’, ‘लाग्ने मान्छे’, ‘युद्ध’ लगायतका दुई दर्जनभन्दा बढी फिल्ममा अभिनय गरेकी छन् । कुनै बेला नेपाली फिल्ममा उनको राम्रो माग थियो ।

# नेतृत्व र व्यवस्था....

आफ्ना पुराना कुराहरू गर्दै त्यसैका आधारमा शासन गर्ने अधिकार कायम गर्न चाहन्छन् । हाम्रो नेतृत्व विश्व घटनाक्रमको बारेमा केही हदसम्म जानकार छ । विश्वव्यापी इन्टरनेट सञ्जालले गर्दा आएको बहुआयामिक परिवर्तनका कारण आतंकित बन्दै गएको छ । यसको चुनौतीलाई सामना गर्ने सन्दर्भमा चासो राख्दैन । तर आफ्ना युवाहरुलाई अनुशासनहीन बनाएको भन्दै इन्टरनेटलगायतका सामाजिक सञ्जाललाई दोष दिएर बस्दछ ।

२०४६ सालको र २०६३ सालको सफल जनआन्दोलनपश्चात देशको समुन्नति र लोकतन्त्रको संस्थागत विकासका लागि खासै काम गर्न नसकेकोमा हाम्रा वृद्ध नेतृत्व जानकार छन् । उनीहरुको शासन यस देशका स्वतन्त्र नागरिकहरुलाई मन नपरेको अवस्थाको पनि जानकारी राख्दछन् । उनीहरुको शासन सत्तामा देखिएको हालिमुहालीबाट जनता आक्रोशित बनेको पनि जानकारी राख्दै आएको छ । तर उनीहरू आफ्नो स्वार्थसिद्ध गर्ने गलत कार्यमा र आपराधिक मानसिकतामा अभ्यस्त छन् । यो उनीहरुको शासन गर्ने शैलीका रुपमा विकास भइराखेको छ । यसैले गर्दा देश पछि पर्दै गएको छ । यो अवस्था देशका सभ्य नागरिकका लागि स्वीकार्य हुन सकेको छैन ।

अब यी शासनमा बस्नेहरूविरुद्धको आवाज यो हदसम्म सशक्त भएको छ कि यी शासकहरु र यसका संयन्त्र एवं पदाधिकारीहरुबाट भएका कुनै पनि कामहरुलाई सकारात्मकरुपमा हेर्ने मानसिकता नै हराएको छ । यी नेतृत्वमा रहनेहरुलाई सहजै राष्ट्र र जनताका शत्रुका रुपमा व्यवहार गर्न तल्लीन छ, दृढ छ ।

गैरनेपाली नागरिकले राखेका आवाजहरुलाई समर्थन गर्दछ । ऋण लिएर सो नतिर्ने उद्देश्यका साथ आह्वान गरिएको आन्दोलनमा सशक्तरुपमा सहभागिता दिन्छ । स्वतन्त्र उम्मेदवारहरुलाई विजय बनाएर स्थापित राजनीतिक दलहरूलाई चकमा दिन तत्पर रहन्छ । सरकारी गाडीमा आफ्नै श्रीमतीको सवार गराउँदा सरकारले चेक गर्न नमिल्ने दलील दुरुपयोगकर्ताले गरिरहँदा दुरुपयोगकर्ताकै समर्थन गर्दछ ।

अपराध नियन्त्रण गर्न खोज्दा पहिला तिनै अनुत्पादक नेतृत्व पंक्तिबाट कारबाही प्रारम्भ गर्न माग गर्दछ । विशेष गरी यो युवाहरुको प्रतिकारस्वरुप गरिएको विरोध हो । यिनै नेताहरूलाई नेपाली नागरिकहरुले अगाध सम्मान गर्दथे । उनीहरुको आदेशको पालन गर्दथे । आफ्नो आस्था, आदर्श र विश्वास मान्दथे । आज राष्ट्रका लागि अनुत्पादक समूहका रुपमा लिँदै घृणा गरिराखेका छन् । नेपालमा करिब ६० प्रतिशत जनसंख्या युवाहरुको छ । उनीहरुले यी वृद्ध नेताहरुले गरेको दु:ख र भोगेको कष्ट देखेका छैनन् । २०४६ साल, २०५१ साल र २०६३ सालका राजनीतिक घटनाक्रमहरूका बारेमा धेरै जानकार छैनन् । तर उनीहरुले धेरै कुरा बुझेका छन् । जस्तै- देश आर्थिक दृष्टिले श्रीलंकाको बाटोमा अग्रसर हुँदै गरेको छ ।

बेरोजगारीका समस्याबाट प्रताडित युवाहरुले रोजगारी माग्दा सरकार गोली बर्साउँछ । नीतिगत भ्रष्टाचार मौलाउँदै गर्दा देश आर्थिक दृष्टिले खस्किँदै गएको छ । नातावाद र कृपावाद हदैसम्म संस्थागत गरिएको छ । महँगी बढिराखेको छ ।

देश अस्तव्यस्त छ । आफ्ना वृद्ध बाबुआमा, नवविवाहित श्रीमती छाडेर वैदेशिक रोजगारीमा गएका र कतिपय बाकसमा फर्किएका कारुणिक दृश्यहरू छन् । आफैंले तिरेको करबाट नेताहरू, उनीहरूका सन्तान र आसेपासेहरु सामान्य बिरामी हुँदा विदेश गएको तर साधारण नेपालीले देशभित्र उपचारको अभावमा मृत्युवरण गर्नुपरेको कारुणिक दृश्य पनि छ ।

न्यायका लागि अदालत पुगेकाहरुको जम्काभेट न्यायमूर्तिका रुपमा दलका कार्यकर्ताहरुसँग हुन्छ । सर्वत्र भागवण्डा र राजनीतीकरण छ । सेवाप्रदायक संस्थाहरूबाट पीडाबोध गर्नुपर्दा निकम्मा सरकारको छाया त्यही देखिएको छ । देशमा भविष्य नदेखी थुप्रै संख्यामा नेपालीहरु विदेशिएका छन् ।

मसलड्रेन र ब्रेनड्रेन दुवै अत्यधिक बढिराखेको छ । यी सबै युवाहरुको मन मस्तिष्कमा गढेको छ । त्यसैले युवाहरूले विद्रोह गरिराखेका छन् । शासकहरू र यसका समग्र संयन्त्रप्रति आक्रोशित छन् । यसले हाम्रो सन्दर्भमा निरन्तरता लिँदै छ ।

**निष्कर्ष** :

नेपालमा देखिएको यो जनआक्रोश व्यवस्थाविरुद्ध भन्दा पनि यसका पात्रहरूका विरुद्ध देखिएको छ । हुन त व्यवस्थामा समेत गम्भीर त्रुटिहरू देखिएकै छन् । तर सामाजिक सञ्जालमा विरोध जनाएको भरमा व्यवस्थाका कमी-कमजोरीको सुधार सम्भव हुँदैन ।

यत्तिकै आधारमा लोकतन्त्र धरापमा परेको निष्कर्ष निकाल्नु पनि अपरिपक्व नै हुनेछ । तर सामाजिक सञ्जालसँग सरकार त्रसित भने बनेकै हो । किनकि सरकारले टिकटकमा लगाएको प्रतिबन्धले यही प्रमाणित गर्दछ । जेलनेलको पीडा भोगेका सन्दर्भहरूको व्याख्या गरेर अबको जनमत आफ्नो पक्षमा पार्न किमार्थ सकिन्न । आजका युवाहरुलाई वर्तमानमा परिणाम चाहिएको छ ।

हालसम्मको आक्रोश थोरैमात्र व्यवस्थाप्रति छ । तर जनाधार नराम्ररी खस्किँदै गएका नेताहरुले आफ्ना दलका सक्षम नेताहरुलाई सत्ता सुम्पन ढिला गर्नुहुँदैन । अन्यथा यो आक्रोश व्यवस्था र नेताहरूविरुद्ध फैलिन सक्छ । अबको देशको आवश्यकता नै आर्थिक समुन्नति र विकास हो । यसैमा नेतृत्व लागिपर्नुपर्छ ।

यदि राजनीतिक नेतृत्वमा परिवर्तन नआउने हो भने नेतृत्वविहीन आन्दोलन अवश्यम्भावी छ । यसले व्यवस्था त परिवर्तन गर्छ नै, भीडबाटै आफ्नो नेतृत्व चयन गर्नेछ ।

*(साभार: नेपाल समाचारपत्र)*

# बेनी-मालढुङ्गा सडक दैनिक चार घण्टा बन्द



म्याग्दी/म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-मालढुङ्गा सडक स्तरोन्नतिका लागि शनिबारदेखि दैनिक चार घण्टा बन्द गर्न थालिएको छ ।

मालढुङ्गा-बेनी सडक निर्माणको कामलाई सहज रुपमा गति दिन शनिबारदेखि यही फागुन २४ गतेसम्म बिहान ११ देखि अपराह्न ३ बजेसम्म सवारी साधन आवतजावत बन्द गरिएको हो । बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंले मालढुङ्गामा पहाड काटेर सडक विस्तार गर्नका लागि सवारी साधन आवतजावत बन्द गरेर डोजर परिचालन गर्न थालिएको जानकारी दिए ।

सवारी साधनको चापले सडक विस्तारको काम प्रभावित र दुर्घटनाको जोखिम बढेपछि बेनी-जोमसोम-कोरला सडक आयोजना र निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले जिल्ला प्रशासन कार्यालयमा समय व्यवस्थापनको प्रस्ताव गरेको थियो ।

बेनी-मालढुङ्गा सडक बन्द हुने समयमा बेनी-रत्नेचौर-बागलुङ हुँदै मालढुङ्गा जोड्ने वैकल्पिक सडक प्रयोग गर्न सकिनेछ । कुश्मा नगरपालिका-१ मा पर्ने मालढुङ्गादेखि जलजला गाउँपालिका-८, ७, ४ र ३ हुँदै म्याग्दीको सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक विस्तार, सुधार गरी दुई लेनको बनाउन काम भइरहेको छ ।

मालढुङ्गा-बेनी सडक चीन र भारत जोड्ने नेपालको सबैभन्दा छोटो सडक कालीगण्डकी करिडोरअन्तर्गत पर्छ । विसं २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले विभिन्न खण्डमा मजदुर र उपकरण परिचालन गरेर सडक विस्तार, पर्खाल र नाली निर्माणको काम गरिरहेको छ ।

हाल कालोपत्रसहित करिब छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर चाक्लो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले अमेरिकी आक्सपाल्ट प्रविधिको कालोपत्र गर्न लागिएको हो । विसं २०४८ ‘कामका लागि खाद्यान्न’ कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ मा सो मार्ग खुलेको र २०६८ मा कालोपत्र भएको मालढुङ्गा-बेनी सडक पछिल्लो समय जीर्ण अवस्थामा थियो ।

सहायक सडक र पाखोबाट खस्ने पहिरो तथा खोलामा आउने बाढीले सवारी साधन आवतजावत प्रभावित हुने गरेका छन् । बर्खामा पहिराले दैनिकजसो अवरुद्ध हुने सडकमा यात्रा गर्दा धेरै समय लाग्ने, गाडी परिवर्तन गर्दा झन्झट हुने, दुर्घटनाको जोखिम र सास्ती भएको छ ।

म्याग्दी र मुस्ताङका साथै पर्वतको जलजला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने मालढुङ्गा-बेनी सडक पर्यटकीय, व्यापारिक र धार्मिक हिसाबले सम्भावनायुक्त छ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘रङ्गेली’ गीतमा दयाहाङ र मिरुनाको प्रेमभाव

काठमाडौं/महाशिवरात्रीको अवसर पारेर यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘रङ्गेली’को रोमान्टिक गीत ‘घामले तारा’ सार्वजनिक गरिएको छ । गीतमा निशान भट्टराई र अन्नु चौधरीको स्वर, हर्क साउदको शब्द रचना तथा सुशान्त गौतमको संगीत छ । म्यूजिक प्रोड्युसर रिकेश गुरुङ किज हुन् । युरोपस्थित विश्व प्रतिष्ठित ‘बुढापेस्ट अर्केस्ट्रा’मा गीतको संगीत रेकर्डिङ भएको हो ।

गीतमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर प्रस्तुत छन् । उनीहरुलाई फिल्मकै चरित्रमा देख्न



सकिन्छ । दयाहाङ रफटफ हुलियामा छन् भने मिरुना थारु युवतीको गेटअपमा देखिएकी छन् । गीतमा उनीहरुको प्रेमभाव झल्काइएको छ । शिशिर खातीको कोरियोग्राफी रहेको गीतलाई सुशन प्रजापतीले छायांकन गरेका हुन् । गीतमा छायांकन पक्ष आकर्षक छ ।

‘रङ्गेली’लाई अर्जुन सुवेदीको लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा दयाहाङ र मिरुनासँगै अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको अभिनय रहेको छ । फिल्मको कार्यकारी निर्माताहरुमा जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा, निर्माताहरुमा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ र सह-निर्माताहरुमा युवक कार्की र शिव शंकर चौलागाईं छन् ।

## फ्रेन्च लिगमा साबित्राको डेब्यु गोल

काठमाडौं/नेपाली राष्ट्रि फुटबल टिमकी फरवार्ड साबित्रा भण्डारी साम्बाले फ्रेन्च महिला लिग (डिभिजन वान फेमिन) मा डेब्यु गोल गरेकी छन् । इए गुइगाम्पका लागि खेलिरहेकी साबित्राले शनिवार लिल विरुद्धको खेलमा गोल गर्दै इतिहास रचिन् ।

युरोपियन लिग खेल्ने पहिलो नेपाली फुटबलरको इतिहास बनाएकी साबित्राले चौथो खेलमा गोल गरेकी हुन् । वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेकी साबित्राले इन्जुरी टाइममा गोल गर्दै टिमलाई २-० को जित दिलाइन् । गुइगाम्पका लागि पहिलो गोल एन्टोनिए स्टारोभाले ५२औं मिनेटमा गरेकी थिइन् । भर्खरै साउदी अरेबियामा सम्पन्न वाफ वुमन्स च्याम्पियनसिपमा नेपालका लागि खेल्दै उनी फ्रान्स फर्किएकी थिइन् । यही खेललाई ध्यानमा राख्दै साबित्राले बिहीबार जोर्डन विरुद्धको फाइनल खेल समेत छाडेकी थिइन् ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ‘हेटौंडा कपडा उद्योगबारे सरकारले ठोस निर्णय गरिसकेको छैन’

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले हेटौंडा कपडा उद्योग सञ्चालनबारे सरकारले हालसम्म कुनै ठोस निर्णय नगरेको जानकारी गराएका छन् ।



सैनिक कल्याणकारी कोषबाट लगानी गरेर हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने सन्दर्भमा अध्ययन र छलफल भइरहेको बताउँदै मन्त्री खड्काले यसबारे सरकारले ठोस निर्णय नगरेको जनाएका छन् ।

राष्ट्रियसभामा शून्य र विशेष समयमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै खड्काले भनेका छन्, ‘सैनिक कल्याणकारी कोषबाट लगानी गरी हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने सन्दर्भमा अध्ययन, छलफल अगाडि बढिरहेको भएता पनि यस विषयमा नेपाल सरकार कुनै ठोस निर्णयमा पुगिनसकेको व्यहोरा जानकारी गराउन चाहन्छु ।’,

सुरक्षा निकायका लागि पोशाक र बन्दोबस्तीको सामानमा आत्मनिर्भर बन्नसके व्यापार घाटा कम गर्न योगदान पुग्ने विश्वासमा भने नेपाल सरकार रहेको उनले बताए । ‘नेपाली सेनालगायत सुरक्षा निकायका लागि आवश्यक पर्ने पोशाकलगायत बन्दोबस्तीको सामान ठूलो परिमाणमा आयात गरिरहनु परेको वर्तमान समयमा पोशाकलगायत बन्दोबस्त सामानमा नेपाली सेनालाई आत्मनिर्भर बनाउन सकिएमा बढ्दो व्यापार घाटा कम गर्न समेत योगदान पुग्ने देखिन्छ ।’,

सरकारको नीति आत्मनिर्भर हुनेतिर रहेको पनि खड्काले बताए । नेपाली सेनाको लागि आवश्यक बिस्फोटक पदार्थ, गोलीगठ्ठा, लत्ताकपडालगायतका सामग्री उत्पादन गर्ने कारखानाको क्षमता अभिवृद्धि गर्ने, त्यस्ता सामग्रीमा क्रमश: आत्मनिर्भर बनाउँदै लैजाने नेपाल सरकारको नीति रहेको उनले जानकारी गराएका छन् ।

# हेटौंडामा सयपत्री फूल उत्पादक किसानको भेला

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ हेटौंडा उपमहानगरमा सयपत्री फूल उत्पादक किसानको राष्ट्रिय भेला शनिबार भएको छ । भेलाबाट मकवानपुरका फूल उत्पादक किसान बालकृष्ण चौलागाईको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरिएको छ ।




पुष्प अभियन्ता मोहनविक्रम सिलवालको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा भेला भएको हो । गत, तिहारमा नेपाली किसानले उत्पादन गरेको फूलले बजार नपाएको र भारतीय बजारबाट फूल आयात भएको सन्दर्भलाई लिएर किसानले एकतावद्ध हुने प्रयास गरेका हुन् ।

जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा भएको भेलाको अवसरमा सयपत्री फूल उत्पादनको सम्भावना र चुनौती विषयमा अन्तरक्रिया गरिएको अध्यक्ष चौलागाईले जानकारी दिए । बागमती, मधेश र गण्डकी प्रदेशका किसानको बाहुल्यता रहेको भेलाले गठन गरेको तदर्थ समितिले एक वर्षभित्र देशभरका किसानलाई समेटेर अधिवेशन गर्ने निर्णय गरेको चौलागाईले बताए ।

तदर्थ समिति उपसंयोजक काठमाडौंका पेमा डोल्मा लामा, सचिव चितवनका गोबिन्द बास्तोला चयन भएका छन् भने सहसचिव र कोषाध्यक्ष पछि चयन गरिने भएको छ । समितिको सदस्यहरुमा कृष्ण गिरी, रामकेवल कुश्वाहा, सुरेश तामाङ, टीका दाहाल, सुरज थिङ चयन भएका छन् ।

# प्रतिशले जितेको विश्वास

काठमाडौं, १९ फागुन/ एसोसिएटको बादशाह नेदरल्याण्ड्स माथि ६ विकेटको जित हात पार्दै नेपाल त्रिकोणात्मक टी-२० आई सिरिजको फाइनलमा पुगेको छ ।

प्रतिश जिसीको प्लेयर अफ द म्याच प्रदर्शनको मद्दतमा नेपालले डच टोलीलाई १२० रनमै अलआउट गर्‍यो, अनि १५.२ ओभरमा ४ विकेट गुमाएर लक्ष्य भेट्टायो । बुधबार यही मैदानमा नेपालले जितनजिक पुगिसकेको अवस्थामा २ रनले नतिजा नेदरल्याण्ड्सलाई सुम्पिएको थियो । जितको लागि अन्तिम २ बलमा ४ रन मात्र चाहिएको थियो, तैपनि नेपालले जित्न सकेन । त्यो दुबै बल प्रतिश जिसीले खेलेका थिए ।

जितका लागि १८५ रनको विजयी लक्ष्य पछ्याएको नेपाललाई अन्तिम ओभरमा ६ बलमा १५ रन आवश्यक थियो । स्पिनर भान डर मर्वेलाई दीपेन्द्रसिंह ऐरीले सुरुवाती दुई बलमा चौका र छक्का प्रहार गरे । तेस्रो बलमा दुई रन लिनेक्रममा करण केसी रन आउट भए । चौथो गुड लेन्थको बलमा स्वीप सट खेलेका दीपेन्द्र मिस हुँदा बोल्ड हुन पुगे । त्यसपछि ब्याटिङमा प्रतिश आएका थिए ।

बुधबार नेदरल्याण्डस विरुद्ध राम्रो प्रदर्शन गर्न नसकेकै कारण प्रतिशले शुक्रबार नामिबिया विरुद्ध खेल्न नपाएको भए मनोबल गिर्न सक्यो । तर उनले शुक्रबार अवसर पाउँदा प्रमाणित गरेर देखाए ।

जितको लागि २ बलमा ४ रन चाहिएको थियो । नन स्ट्राइकमा गुल्सन झा थिए । बायाँ हाते तीव्र गतिका बलरसँगै तल्लो क्रममा क्लिन हिट हान्ने खुबी भएको खेलाडीमा प्रतिश पर्छन् । हजारौं दर्शक, एसोसिएटको बादशाह डच टोली र दबावपूर्ण कन्डिसनमा आफ्नो टी-२० आई करिअरको दोस्रो खेल खेलेका प्रतिशले आफूलाई सम्हाल्न सकेनन् ।

मर्वेको पाँचौं प्रतिशले ब्याट त घुमाए, तर बल कनेक्ट भएन । मवेको अफ स्टम्प भन्दा केही टाढाको बल स्वीङ हुन पुग्यो । अन्तिम बलमा लेग साइडको बलमा एक रन बटुल्न सकेनन् । पाँचौं बलमा उनले एक रन बटुल्दै अन्तिम बल गुल्सनलाई दिन सक्थे । तर त्यो समयमा उनले सोचेको जस्तो नतिजा आउन सकेन । मुखमै आएको जित सुनिश्चित गर्न नसक्दा प्रतिश स्तब्ध भए ।

‘देशलाई जिताउन सक्ने अवस्थाबाट हराउन पुगेको थिए । नराम्रो लागेको थियो’ उनी भन्छन्, ‘मलाई नराम्रो पनि किन लागेको थियो भने म त्यो खेल जिताउन सक्थे ।’ तर पनि टोलीले प्रतिशमाथि भरोसा गर्‍यो । बिहीबार नामिविया विरुद्ध पनि उनले अवसर पाए । सुरुवाती दुई ओभरमा ९ रन खर्चिए । १३ औं ओभरमा एक छक्का र दुई चौका खर्चिएपछि कुल ३ ओभरमा २६ रन दिए । विकेट लिन सकेनन् ।

शनिबार नेपाललाई जित्नैं पर्ने खेलमा प्रतिशले प्लेयर अफ द म्याच प्रदर्शन गरे । त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा टस जितेको नेदरल्यान्ड्सले पहिला ब्याटिङ गर्ने निर्णय लियो । पछिल्लो खेलमा नामिवियाविरुद्ध पहिला ब्याटिङ गर्दै नेदरल्यान्ड्सले ओपनर माइकल लेभिटले १३५ रनको शानदार शतकीय इनिङको मद्दतमा २४७ रन बनाएको थियो ।

शनिबार तीव्र गतिका बलर करण केसीको चौथो बलमै लेभिट ४ रनमा दीपेन्द्रसिंह ऐरीबाट मिडअफमा क्याच आउट भए । अन्तिम बलमा साइब्रान्ड एंगलब्रेक्ट शून्यमा एज लागेर विकेटकिपर आसिफ शेखबाट क्याच आउट भएपछि डच टोली दबाबमा पर्‍यो । पहिलो ओभरमै दुई विकेट गुमाएपनि म्याक्स ओडाउड र स्कट एडवार्डसले विस्तारै खेलमा फर्कायो । ८ औं ओभरको समाप्तिमा ५४-२ को अवस्थामा पुगिसकेको थियो ।

नवौं ओभरमा चोभार एन्डबाट आएका प्रतिशले खेललाई नेपालको पक्षमा ल्याए । उनले आफ्नो पहिलो ओभरमा जम्मा दुई रन खर्चिंदै नेदरल्याण्डसलाई दबाबमा राखेका थिए । नवौं ओभरको पहिलो बलमा प्रतिशको सर्ट लेन्थको बलमा स्कट १८ रनमा बोल्ड भए ।

चौथो बलमा म्याक्स ओडाउडलाई ३१ रनमा बोल्ड गरे । दुबै खेलाडी क्रस ब्याटरले खेल्नेक्रममा मिस भएपछि बोल्ड भएका थिए । उनले चलाखीपूर्ण बलिङको गति पनि घटाएका थिए । सेट भएका दुबै ब्याटरलाई एकै ओभरमा आउट गरेपछि नेदरल्यान्ड्स सम्हाल्लिन सकेन । अर्को ओभरको अन्तिम दुई बलमा कुशल मल्लले नोहा क्रस ३ र आर्यन दत्तलाई शून्यमा आउट गरेपछि नेदरल्यान्ड्स संकटमा पर्‍यो ।

नेदरल्यान्ड्सको झिनो आशा तेजा निणामानिरुमा थियो । प्रतिशले १५औं ओभरको तेस्रो बलमा १५ बल खेलेका तेजालाई ५ रनमा बोल्ड आउट गरे । फुल लेन्थको इन स्वीङमा तेजालाई बोल्ड गर्दै ८३-७ को कठिन अवस्थामा पुर्‍याए । समग्रमा प्रतिशले ४ ओभरमा १३ रन खर्चिएर ३ विकेट लिए । उनको उत्कृष्ट प्रदर्शनमा नेदरल्यान्ड्स १९.३ ओभरमा १२० रनमा अल आउट भएको थियो ।

नेपालले उक्त लक्ष्य लक्ष्य १५.२ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्दै फाइनलमा स्थान पक्का गरायो । भरिभराउ दर्शकलाई प्रतिशले खुसी प्रदान गरे । शनिबार प्लेयर अफ द म्याच बनेपछि प्रतिशले बुधबार जिताउन नसक्दाको क्षण सम्झिए, ‘पूरा देशलाई जिताउन सक्ने अवस्थाबाट हराउन पुगेको थिएँ । नराम्रो लागेको थियो । टिमले मलाई ब्याक गरेको थियो । टिमले ब्याक गर्दा अलिकति मलाई पनि इमोसनल्ली (भावनात्मक) रुपमा सपोर्ट मिलेको थियो ।’

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुर क्रिकेट टिमको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ सुमन सुनारको कप्तानीमा मकवानपुरको क्रिकेट टिम घोषणा भएको छ । १४ सदस्यीय खेलाडीको जिल्ला क्रिकेट टिम तयार भएको हो ।

जीतपुरसिमरामा हुने चौथो हरपुर च्याम्पियसन ट्रफी क्रिकेट प्रतियोगिता खेल्न शनिवार मकवानपुरले क्रिकेट टिमको घोषणा गरेको हो । प्रतियोगितामा मकवानपुर सहित ६ टिमको सहभागिता रहेको छ । मकवानपुरको क्रिकेट टिममा सुमन सुनार, गौरब खड्का, शुभ कंशकार, आस्तिक दाहाल, विशाल फुयाँल, सक्षम बास्ताकोटी, इरफान अलि, रामनरेश गिरी, रोहित ठाकुर, असिम श्रेष्ठ, समिर चौलागाई, सुवर्ण भट्ट, युनिश थापा र पियुष शर्मा रहेका छन् ।

आज आइतबार २० फागुनबाट सञ्चालन हुने प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुरले कलैया क्रिकेट क्लबसँग सामना गर्दैछ । क्रिकेट प्रतियोगिता खेल्नका लागि मकवानपुर क्रिकेट टिम आइतबार जीतपुरसिमरा प्रस्थान गर्ने मकवानपुर क्रिकेट संघले जनाएको छ । प्रतियोगिताको समूह ‘ए’ मा कलैया क्रिकेट क्लव, मकवानपुर क्रिकेट क्लव, यूथ क्रिकेट क्लव रहेका छन् । समूह ‘बी’ मा चितवन क्रिकेट, नेशनल इनफोटेक र आयोजक हरपुर क्रिकेट क्लव छ ।

# गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा पिकअप गाडीको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ । मनहरी गाउँपालिका-९ ज्यामिरे स्थित पूर्व-पश्चिम सडकखण्डमा पीकअपको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको हो ।

हेटौंडातर्फबाट बुटवल तर्फ जाँदै गरेको लु २ च ७३२७ नम्बरको पिकअपले पैदलयात्री मनहरी-९ का ५० को सीताराम अधिकारीलाई ठक्कर दिएको थियो । घाइते अधिकारीको चितवनको भरतपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । पिकअप चालक नवलपरासी बर्दघाट नगरपालिका-१२ चौपट्टा वस्ने वर्ष २० का मनोज भुसाल र सवारीसाधन इलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेको छ ।

यसैगरी, ईन्द्रसरोबर गाउँपालिका-४ भाङखोलामा बाटोमा हिड्दै गरेका एकजनाको लडेर मृत्यु भएको छ । ७१ वर्षीय पदमबहादुर गोले आफ्नै घरबाट एकसय मिटर पश्चिमतर्फ गोरेटो बाटोमा लडेको र घटनास्थलमै मृत अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मृतक वृद्धको पोष्टमार्टका लागि काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

# प्रदेशस्तरीय भलिबलमा मकवानपुर पराजित

साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ प्रथम सहिदस्मृति बागमती प्रदेश र निङशिल्ड भलिबल प्रतियोगितामा मकवानपुर पराजित भएको छ । रामेछापसँग हार व्यहोर्दै मकवानपुर प्रतियोगिताबाट बाहिरिएको हो ।

सहिदस्मृति प्रतिष्ठान नेपाल, वाइसिएल नेपाल बागमती प्रदेशको आयोजनामा काठमाडौंमा लिग कम-नकआउटको आधारमा प्रतियोगिता खेलाइएको थियो । रामेछापले मकवानपुरलाई पहिलो सेटमा २५-२१ को जित निकालेको थियो । मकवानपुरले दोस्रो सेट २५-१७ ले जित्यो । खेलमा फर्किएको मकवानपुरलाई अन्तिम सेट २२-२५ ले जित्दै रामेछापले प्रतियोगितामा विजयी सुरुवात गरेको हो । सहिद सप्ताहको अवसरमा आयोजित प्रतियोगितामा १० वटा टिमले सहभागिता जनाएका छन् ।

वाइसिएल बागमती प्रदेशका अध्यक्ष साजन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनको प्रमुख आतिथ्यता रहेको थियो । फागुन २१ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम, द्वितीय र तेस्रो हुने टिमले क्रमश: नगद १ लाख ११ हजार १ सय ११, ५५ हजार ५ सय ५५ र ३३ हजार ३ सय ३३ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा विधागततर्फ उत्कृष्ट खेलाडीलाई पनि पुरस्कारको व्यवस्था गरेको आयोजकले जनाएको छ ।

# हेटौंडामा मानन्धर संघको साँस्कृति कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १९ फागुन/ हेटौंडामा केन्द्रीय मानन्धर संघले शनिवार साँस्कृतिक कार्यक्रम आयोजना गरेको छ । काठमाडौं महानगरपालिकाको लागतसाझेदारी, संघको युवा र सञ्चार उपसमितिको संयोजन तथा हेटौंडाका मानन्धर गुठीहरुसँगको सहकार्यमा कार्यक्रम गरिएको हो ।

कार्यक्रम बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री डा.राजेन्द्रमान श्रेष्ठको प्रमुख आतिथ्य तथा केन्द्रीय मानन्धर संघका अध्यक्ष मनोजकुमार मानन्धरको सभाध्यतामा भएको थियो । कार्यक्रममा बागमती प्रदेशका सांसदहरु एकालाल श्रेष्ठ र शैलेन्द्र बज्राचार्यको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले जाति, भाषा र संस्कृति प्रदेशसँगै देशकै सम्पत्ति भएकाले संरक्षण र प्रबर्द्धनमा सबैपक्ष गम्भीर बन्नुपर्ने बताए ।

नेपालको गौरबको रुपमा रहेको नेपाल भाषा, नेवार संस्कृतिसँगै नेपाल सम्बत महत्वपूर्ण रहेकाले दैनिक प्रयोगमा ल्याउनुपर्नेमा उनले जोड दिए । ‘नेपाल सम्बतलाई सरकारी कामकाजमा प्रयोगमा ल्याईनु खुशीको कुरा हो, उनले भने, ‘राष्ट्रियविभुति शंखधर साख्वाले चलाउनु भएको नेपालको मौलिक नेपाल सम्बत् भएकाले पूर्णकार्यान्वयन गर्नु जरुरी छ ।’ बागमती प्रदेशका सांसद श्रेष्ठले प्रदेशमा नेवार र तामाङ भाषालाई सरकारी कामकाजको भाषा बनाईसकेको भन्दै नेपाल भाषा, संस्कृति जगेर्ना गर्न सरकार, नेवार समुदाय र संघसंस्थाहरु एकजुट भएर काम गर्नुपर्नेमा जोड दिए ।

प्रदेश सांसद बज्राचार्यले संघीयताको बारेमा नकारात्मक धारणा फैलाईएको भन्दै राजनीतिक, भाषिक, साँस्कृतिक अधिकार पाउन संघीयताले महत्वपूर्ण भूमिका खेलिरहेको बताए । कार्यक्रममा मौलिक धिमे बाजा, धा:बाजा, बाँसुरी, बे बाजा, नाय् खिं बाजा, ढोलक बाजाको प्रस्तुतीसँगै नेवारी पहिरनमा नेपाल भाषाका गीत तथा नृत्यहरु प्रस्तुत गरिएको थियो । कार्यक्रम अघि हेटौंडाको बुद्धचोकमा भेलाभई प्रभातफेरी गरी कार्यक्रमस्थल बालकुमारी पार्टी प्यालेसमा पुगी समापन गरिएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक बीरगञ्जकी सहायक निर्देशक अमृता मानन्धर, वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसका उपप्राध्यापक डा. विक्रम मानन्धर, विश्व साइकलयात्री रामचन्द्र मानन्धर, डिभिजन वन कार्यालय सिन्धुलीका डिभिजन वन अधिकृत अजयविक्रम मानन्धरलगायतको आतिथ्य थियो । हेटौंडामा जस्तै साँस्कृतिक कार्यक्रम पर्साको बीरगञ्ज र बारामा आयोजना गरिने नेवा: पत्रकार राष्ट्रिय दबूका केन्द्रीय महासचिव तथा केन्द्रीय मानन्धर संघका केन्द्रीय सदस्य केके मानन्धरले जानकारी दिए ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना